# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको प्रकाशन

वर्ष २, अङ्क ९, २०७१ फागुन Vol 2, Issue 9, March 2015


## राजस्व संकलन १६ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७१/०७२ माघ मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिव १६ प्रतिशतले वृद्धि भएको अर्थ मन्त्रालयमा फागुन ११ गते आयोजित समीक्षा कार्यक्रममा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७१/०७२ को माघ महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. ८६ अर्व ५६ लाख २२ हजार रहेकोमा रु. ८३ अर्व १९ करोड २० लाख ४१ हजार संकलन भई लक्ष्यको तुलनामा ९७ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ४४ अर्व ९३ करोड, ११ लाख, ४३ हजार, मूल्य अभिवृद्धि कर रु. २१ अर्व ९९ करोड, ३५ लाख १ हजार र अन्त:शुल्क तर्फ रु. १५ बाँकी १५ पेजमा....

Sector wise Revenue Collection (upto 2071 Magh)

| Sector | Target (Rs bn) | Collection (Rs. bn) | Achievement (%) | Growth Rate (%) |
|---|---|---|---|---|
| Income Tax | 37.82 | 39.29 | 104 | 18 |
| Rental Income Tax | 2.99 | 1.47 | 49 | 15 |
| Interest Income Tax | 5.06 | 4.17 | 82 | 4 |
| Total Income Tax | 45.87 | 44.93 | 98 | 17 |
| VAT (domestic) | 22.54 | 21.99 | 98 | 17 |
| Excise (domestic) | 16.97 | 15.61 | 92 | 12 |
| Education Service Fee | 0.32 | 0.29 | 91 | 5 |
| Health Service Tax | 0.31 | 0.36 | 116 | 35 |
| Grand Total | 86 | 83.19 | 97 | 16 |

Defit in collection: Rs 2.81 bn

# सुझाव संकलनलाई निरन्तरता दिंदै आयोग



विराटनगरमा आयोजित कार्यक्रममा अर्थसचिव श्री सुमनप्रसाद शर्मा, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका पदाधिकारी लगायत पुरस्कृत करदाता तथा कर्मचारीहरु

काठमाडौं। उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग र नेपाल उद्योग वाणिज्य संघ मोरङको आयोजनामा विराटनगरमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि अर्थसचिव श्री सुमनप्रसाद शर्माले नेपालको कर प्रणालीलाई कसरी समयानुकूल र करदातामैत्री बनाउन सकिन्छ भनेर आयोगको गठन गरिएको बताउनुभयो। औद्योगिक विस्तार र लगानीमैत्री वातावरण सिर्जनाका लागि करनीतिहरुमा कस्ता कस्ता सुधारका आवश्यक छ भनेर सुझाव संकलन गर्ने कार्य निरन्तर हुँदै आएको र कार्यक्रम फलदायी भएको बताउनुभयो। औद्योगिक विस्तार र प्रवर्द्धन गर्नका लागि राज्यले सडक, टेलिफोन, बत्ती, पानी पुऱ्याउनुपर्ने र त्यसका लागि रकम चाहिने हुँदा त्यो रकम करबाट राज्यले उठाउँदै आएको बताउनुभयो। व्यवसायीबाट आएका सुझावहरु अत्यन्त राम्रा आएका छन्, कति सुझाव कार्यान्वयन होलान्, कति नहोलान्, छलफल होला, परिमार्जन होला तर व्यावसायीको हितमा राज्यले काम गर्ने उहाँको भनाइ थियो। कर प्रशासन सक्षम हुँदै गएको जानकारी दिनुहुँदै झण्डै ७ सय ३५ अर्वको बजेटको अभ्यासमा अर्थ मन्त्रालय रहेको र यसमा आन्तरिक स्रोत साधनबाट नै रकम जुटाउनुपर्ने श्री शर्माको भनाई थियो। सामाजिक सुरक्षा वापत राज्यले पेन्सनमा ठूलो रकम भुक्तानी गर्दै आएको र त्यो बर्षेनी बढ्दो रुपमा रहेको तथा ठूला ठूला हाइड्रो पावर बनाउन बजेट चाहिने उहाँले बताउनुभयो। बुढीगण्डकी लगायतका ठूला जलविद्युत आयोजना निर्माण गर्ने दायित्व राज्यको भएकाले त्यसका लागि राज्य समृद्ध हुनुपर्ने र राज्य समृद्ध हुनका लागि उद्योग व्यवसाय समृद्ध हुनुपर्ने उहाँको भनाइ थियो। अर्थमन्त्रालयले बाँकी ५ पेजमा....


## ऑखीझ्याल

राज्यले लिनु पर्ने करमा एक पैसा पनि तलमाथि हुने छैन — पृष्ठ ३

चुहावट नियन्त्रण सरकारको पहिलो प्राथमिकता : शर्मा — पृष्ठ ६

नेपाल लघु जलशक्ति विकास संस्थासंग अन्तर्क्रिया — पृष्ठ १५




कर छलीको सूचना दिई सचेत नागरिकको परिचय दिऔं।



# महानिर्देशकको सन्देश

**कर प्रशासनमा कार्यरत कर्मचारीको मूल्यांकनको प्रमुख आधार नै तोकिएको राजस्व संकलन लक्ष्य प्राप्ति हो । व्यवसायिक कार्य योजना र लगनशिल भएर आवश्यकतामा आधारित करदाता शिक्षा, सूचकमा आधारित जोखिम व्यवस्थापन र परिक्षण, सूचनामा आधारित दबाबमूलक कार्यक्रम, तथ्यमा आधारित कर अनुसन्धान, करदाता मैत्री र विशेषज्ञतामा आधारित कर प्रशासन संचालन गर्न सके स्वेच्छीक कर सहभागितामा अभिबृद्धि हुन गई सोचे अनुरुपको लक्ष्य हासिल हुने हुंदा समग्र कर प्रशासनमा कार्यरत कर्मचारीहरुलाई सोही अनुरुप अगाडि बढ्न समेत म निर्देशन दिन चाहान्छु ।**

कर प्रणालीलाई शासन ब्यवस्थाको मेरुदण्डको रुपमा लिइन्छ । सुदृढ कर प्रणालीका माध्यमबाट नै राज्य प्रभावकारी एवं सरलीकृत ढंगले संचालन हुने, दिगो आर्थिक विकास हासिल हुने र सुशासन कायम हुन गई सेवा प्रवाह प्रभावकारी बन्न सम्भव हुन्छ । करप्रणाली अन्तरगत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन् । समय सापेक्ष कर नीति, पारदर्शि कर कानून, इमान्दार करदाता र जिम्मेवार एवं ब्यावसायिक कर प्रशासन कर प्रणालीका आधार हुन् ।

कर प्रणालीका उल्लेखित तत्वहरुमा रहेको सबल, दुर्बल पक्ष एवं अवसर र चुनौतीको विश्लेषण गरी परिवर्तित सन्दर्भमा देशको कर प्रणालीमा सुधारका लागि सुझाव पेश गर्न नेपाल सरकारले कर विज्ञ डा. रुपबहादुर खड्काको संयोजकत्वमा तीन सदस्यीय उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरी द्रुतगतिमा कार्य भैरहेको छ । कर प्रणालीको सुधारमा सबैको भावना प्रतिविम्बित गराउन आयोगले क्षेत्रीयरुपमा अन्तरक्रिया कार्यक्रम संचालन गरी सुझावहरु संकलन गरिहेकोछ । उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको प्रतिवेदनका आधारमा भोलिको देशको कर प्रणाली निर्देशित हुने हुंदा आआफ्नो तर्फबाट समयमै आफ्ना राय, प्रतिक्रिया, सुझावहरु उपलब्ध गराई कर प्रणाली सुधारमा आआफ्नो योगदान सुरक्षित गर्न म सबैलाई आग्रह गर्दछु ।

जहां कर लगाइन्छ त्यहां सम्भावित कर र संकलित कर बिच खाडल रहेको हुन्छ । उक्त खाडलको मात्रा देशपिच्छे फरक हुन्छ जुन उक्त देशको कर कानून, कर नीति, कर प्रशासन र करदाताको अवस्थामा भर पर्दछ । नेपालको अनौपचारिक अर्थतन्त्रको आकार कुल गाहर्स्थ उत्पादनको ३८ प्रतिशत भन्दा बढी रहेको अनुमान गरिएको छ । कूल जनसंख्याको करिब ४.५ प्रतिशत ब्यक्ति मात्र करको दायरामा रहेका छन् । करमा दर्ता हुने तर नियमित करसहभागिता नजनाउने संख्या आयकरमा ३८.५ र मू.अ.कर मा ३०.९८ प्रतिशत रहेकोछ । तथ्यांकले कर कानूनको परिपालना गराउनको लागि समग्र राजस्व प्रशासनले अझ बढी प्रयास गर्नुपर्ने आवश्यकता दर्शाउंछ ।

आन्तरिक राजस्व विभागले कार्यान्वयन गर्ने राजस्व सम्बन्धी सबै कानूनहरु स्वयं कर निर्धारण प्रणालीमा आधारित रहेका छन् । यी सबै कानूनहरुले करदाताहरुले कर प्रशासनमा स्वेच्छिकरुपमा सहभागिता जनाउने अपेक्षा राखेको र सो बमोजिम राजस्व प्रशासनमा क्रमिक सुधार गर्दै लगिएको छ । राजस्व चुहावटका कारण संकलन हुन सक्ने सम्भावित कर र हाल संकलन भैरहेको करको बीचमा रहेको खाडललाई न्यूनीकरण गर्न आन्तरिक राजस्व विभागले नीतिगत एवं ब्यवहारिक पक्षमा सुधार गर्दै करदाता मैत्री सेवा प्रवाह र कर परिक्षण एवं अनुसन्धानका कार्यहरुलाई समानान्तर रुपमा सशक्तढंगले अगाडि बढाउने ब्यहोरा जानकारी गराउन चाहन्छु ।

कर प्रशासनमा कार्यरत कर्मचारीको मूल्यांकनको प्रमुख आधार नै तोकिएको राजस्व संकलन लक्ष्य प्राप्ति हो । ब्यवसायिक कार्य योजना र लगनशिल भएर आवश्यकतामा आधारित करदाता शिक्षा, सूचकमा आधारित जोखिम ब्यवस्थापन र परिक्षण, सूचनामा आधारित दबाबमूलक कार्यक्रम, तथ्यमा आधारित कर अनुसन्धान, करदाता मैत्री र विशेषज्ञतामा आधारित कर प्रशासन संचालन गर्न सके स्वेच्छिक कर सहभागितामा अभिबृद्धि हुन गई सोचे अनुरुपको लक्ष्य हासिल हुने हुंदा समग्र कर प्रशासनमा कार्यरत कर्मचारीहरुलाई सोही अनुरुप अगाडि बढ्न समेत म निर्देशन दिन चाहान्छु ।

चैत, २०७१

**चुडामणि शर्मा**
महानिर्देशक

# राज्यले लिनुपर्ने करमा एक पैसा पनि तलमाथि हुने छैन

**जरिवाना, ब्याज, शुल्क आदि सम्बन्धमा एउटा स्किम जसरी यति प्रतिशत अथवा यति छुट भन्ने चाहिं आयोगले दिंदैन । यस सम्बन्धमा हामीले हाम्रो कार्य प्रणालीमा बस्तुनिष्ट आधारहरु तयार गरेका छौं, त्यसभित्र रहेर त्यसमा समभ्रुदारी हुन्छ ।**



**लुम्बध्वज महत**
अध्यक्ष
कर फछ्र्यौट आयोग

**० कर फछ्र्यौट आयोगको अध्यक्ष हुनु भएकोमा कर बुलेटिनको तर्फबाट बधाई छ । कस्तो कस्तो कर तथा करदाताहरु आयोगको कार्यक्षेत्र भित्र पर्दछन् ?**

- धन्यवाद। आयोगको कार्यक्षेत्र कार्य विवरणमै स्पष्ट रुपमा उल्लेखित छ। आयोगले कार्य प्रारम्भ गरे पश्चात विभिन्न सञ्चार माध्यम मार्फत् कार्यक्षेत्रहरुका वारेमा करदाताहरुलाई सूसूचित गर्ने काम गरेको थियो। आयोगको कार्यक्षेत्र अन्तर्गत हाल कार्यान्वयनमा रहेका आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१, भन्सार ऐन २०६४ तथा यी ऐनभन्दा अगाडि प्रचलनमा रहेका तत् तत् कर कानूनहरु अनुसार आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको कर निर्धारण तथा महसूल निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसूल निर्धारण सम्बन्धी विषय पर्दछ। त्यसैगरी विभिन्न आर्थिक ऐन तथा अध्यादेशमा गरिएका व्यवस्था अनुसार संकलन गरिने शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर कार्यान्वयनका क्रममा कर प्रशासनबाट आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको २०७१ असार मसान्तसम्म निर्धारित शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका विषय विषयलाई पनि हाम्रो आयोगले सम्बोधन गर्नेछ। तर, विगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रकरणमा छनौट भै परीक्षण तथा अनुसन्धान गर्दा नक्कली विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएका विषय आयोगको कार्यक्षेत्र अन्तर्गत पर्ने छैन।

यी वाहेक एउटा शिर्षकमा जम्मा गर्नुपर्ने कर भुलवस अर्को शिर्षकमा जम्मा गरेको रहेछ भने त्यसलाई सच्याउन पनि आयोगमा निवेदन दिन सकिन्छ । त्यस्तै, आर्थिक वर्ष २०६९/७० सम्मको वक्यौताहरु जुन करदाताले विभिन्न कारणवस कुनै पुनरावेदनहरुमा नगइकन बक्यौता रहन गएको रहेछ भने पनि त्यो मुद्दा कर फछ्र्यौट आयोगको कार्यक्षेत्रभित्र पर्दछ।

**० विवादित कर मात्र नभई ऐन नियम अनुसार संकलन गर्नुपर्ने कर तथा महसुल संकलन नभई रहेको बक्यौता सम्बन्धी विषय समेत आयोगको क्षेत्राधिकार भित्र पर्ने भनिएको छ । यस अन्तर्गत कस्तो कस्तो वक्यौता पर्दछ ? स्पष्ट पारिदिनुहोस् न ?**

- आन्तरिक राजस्व विभाग तथा भन्सार विभागले प्रशासन गर्ने कर सम्बन्धी ऐन नियम अनुसार संकलन गर्नुपर्ने कर तथा महसूल संकलन नभै आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको राजस्व बक्यौता सम्बन्धी विषय आयोगको क्षेत्राधिकार भित्र पर्दछ । यसर्थ, आर्थिक वर्ष २०६९/०७० सम्म कुनै करदातालाई लाग्न गएको कर तथा महसूल समबन्धमा करदाताले आवश्यक धरौटी राख्न नसकेको वा अन्य कारणले मुद्दा गर्न नसकी बक्यौता रहेको आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, विक्रीकर, मनोरंजन कर, ठेक्का कर, होटल कर भन्सार महसूल आयोगको क्षेत्राधिकार भित्र पर्दछ।

**० आयोगको कार्यविधिको वारेमा सामान्य जानकारी गराई दिनुहोस् न ?**

आयोगमा जे जति कर सम्बन्धी र वक्यौताको विषय छ। त्यसमा हाम्रो कार्यविधि अनुसार

कर सम्बन्धि विषय राजस्व न्यायाधिकरण या कुनै पनि अदालतहरुमा वा विभागकै प्रशासकीय पुनरावलोकनको लागि बिचाराधीन विषय आयोग मार्फत फछ्र्यौट गर्नको लागि निबेदन प्राप्त भएमा उक्त निकायबाट मुद्दा फिर्ता लिई आयोगमा ल्याउन हामीले अनुमति दिन्छौं । हामीले अनुमति दिएपछि उहाँहरुले उक्त निकायबाट मुद्दा फिर्ता ल्याएर फछ्र्यौटको लागि आउनुहुन्छ। अन्य बक्यौताहरुमा, राजस्व शिर्षक फरक परेको विषयहरुको हकमा सोझै आयोगमा निवेदन दिएपछि आयोगले विवरणहरु झिकाएर, भिडाएर फछ्र्यौट सम्बन्धी कार्य अगाडी बढछ ।

**० देशभरका करदातालाई आयोगले कसरी समेट्छ ?**

- अहिलेको लागि हामीले आयोगको सचिवालयमा नै निवेदन दिने व्यवस्था गरेका छौं। बक्यौताहरु निकै पुराना र जटिल विषय भएका हुनाले प्रायः सबै करदाताहरु आयोगको सचिवालया आउन त्यति असुविधा महसुस गर्नुहुन्न होला । तर पछि भविष्यमा कुनै क्षेत्रमा धेरै चाप छ र आयोगको माग भयो भने त्यसको औचित्यतालाई हेरेर विचार गर्न सकिन्छ । त्यस्तो खालको निवेदनलाई कुनै हिसावले सम्बोधन गर्न सकिन्छ कि भनेर भनेर आयोगले अध्ययन गर्नेछ ।

**० यस भन्दा पहिले पनि सरकारले कर फछ्यौंट आयोग गठन गरेको पाइन्छ। २०६३ को आयोगमा त यहाँ सदस्य पनि हुनुहुन्थ्यो। बारम्बार यस्ता आयोग गठन हुनु उचित हो ?**

- यसमा निश्चय पनि बाहिर विभिन्न क्षेत्रबाट प्रश्नहरु उठाएको देखिन्छ । तर मेरो विचारमा यो आयोग एउटा निश्चित समयको अन्तरालमा गठन हुनु उपयुक्त नै लाग्छ । कतिपय अवस्थामा हाम्रो कर सम्बन्धी कानुनमा कर प्रशासनलाई सीमित अधिकार दिइएको हुन्छ, जुन एउटा चेक एण्ड व्यालेन्सको हिसावले ठीकै हो । बिद्यमान ब्यवस्था अनुसार करदाताले स्वयं कर निर्धारण गरे पनि त्यो उपर जुन पुनः कर निर्धारण हुन सक्छ। त्यसरी कर निर्धारण यर्दा करदातालाई साच्चिकै मर्का पर्ने किसिमले भएको पनि हुन सक्छ । त्यसको लागि न्यायिक निकायहरु छन्, तर न्यायिक प्रकृया पनि जटिल र समय लाग्ने हुन्छ। यसले गर्दा मुद्दाहरु थुप्रिएर बक्यौताहरु बढिरहेको हुन्छ। यस कारण करदाताको जायज मागलाई पनि सम्बोधन गर्न एउटा समयको अन्तरालमा आयोग गठन गरी सोबाट त्यस्ता विवादित विषय समाधान हुनु उचित लाग्छ।

**० २०६३ सालमा पनि सदस्य हुनु भएकाले कस्ता कस्ता मुद्दाहरु फछ्र्यौट गर्न सकिएको थिएन ?**

- त्यतिबेलाको आयोगमा आएका धेरै जसो मुद्दाहरु फछ्र्यौट भएका थिए । कतिपय मुद्दाहरुमा चाहिं करदाताहरुसँग सहमति हुन सकेन । त्यस समयमा पनि हामीले एउटा नीति लिएका थियौं। जसमा राज्यले लिनु पर्ने करमा एक पैसा पनि नछोडने थियो । हाम्रो कार्यविधिमा जरिवाना, ब्याज, शुल्कहरुको हकमा चाहिं विभिन्न बस्तुनिष्ठ आधारहरुका अधिनमा रहेर त्यस्ता विषयहरुको समझदारी गर्ने भन्ने थियो । र, त्यो समझदारी चाहिं कतिपय करदाताको हकमा सफल हुन सकेन। त्यसले गर्दा केही करदाताहरुको बक्यौता फछ्र्यौट हुन सकेन ।

**० आयोगको गठनले करको दायरामा आई नियमित रुपमा कर कानुनको परिपालना गर्ने करदातालाई प्रोत्साहित गर्नुको साटो कर अवज्ञा गरी अटेर गरी बस्नेहरुलाई प्रोत्साहित र पुरस्कृत गर्छ होइन र ?**

- यो निश्चय पनि होइन । किन भने अटेर गर्नेलाई त आयोगमा आए पनि कुनै पनि खालको सुविधाहरु प्राप्त हुँदैन । जसले नियमित रुपमा कर तिरेको छैन, कर कानुनको पालना गरेको छैन, कर तिर्ने क्षमता हुँदा हुँदै पनि कर तिरेको छैन भने त्यस्ता विषयमा बक्यौता रकममा सम्झौता हुने सक्दैन । कुनै करदातालाई साँच्चिकै मर्का परेको रहेछ भने, व्यवसाय धरासायी हुँदै गएको छ, तर पनि कर चाहिं उसको क्षमताले भ्याउन नसक्ने गरी लागेको रहेछ भने, कर निर्धारण वास्तविकतामा नभइकन काल्पनिकतामा भएको रहेछ भने त्यस्तो किसिमको यदि समस्यालाई आयोगले सम्बोधन गर्ने हो । त्यसकारण सबै सही करदातालाई प्रोत्साहन गर्ने खालका काम मात्र आयोगले गर्नेछ। कसैले स्वयं कर निर्धाराणमा आफूले इमान्दारि पूर्वक आय तथा कर निर्धारण गरी कर तिरेको रहेछ भने पनि त्यो गर्दा गर्दै पनि करदातालाई समस्या नै पऱ्यो भने चाहिं निष्पक्ष रुपमा हेर्ने कुनै निकाय हुँदो रहेछ भन्ने करदाताहरुलाई विश्वास दिलाउन जरुरी हुन्छ। यसर्थ करदाताहरुमा उत्प्रेरणा जगाउने काम आयोगले गर्छ जस्तो लाग्छ ।

**० कर फछ्र्यौट आयोगबाट विवादित करमा लागेका जरिवाना, ब्याज, दण्ड आदि मात्र छुट हुने हो वा मूल कर अंकमै पनि घटाउन सक्ने हुन्छ ?**

- जरिवाना, ब्याज, शुल्क आदि सम्बन्धमा एउटा स्किम जसरी यति प्रतिशत अथवा यति छुट भन्ने चाहिं आयोगले दिंदैन । यस सम्बन्धमा हामीले हाम्रो कार्य प्रणालीमा बस्तुनिष्ट आधारहरु तयार गरेका छौं, त्यसभित्र रहेर त्यसमा समझदारी हुन्छ । त्यस कारण सबैलाई बृहत् रुपमै छुट हुने र यति छुट हुन्छ भन्ने हुँदैन । मूल कर भनेर राज्यले लिने करहरुमा त आयोगले कुनै पनि हिसावले एक पैसा पनि छोड्दैन । खाली उसलाई नलाग्नु पर्ने कर लागेको रहेछ, उसले आय नै नगरेकोलाई वास्तविक आय नभई काल्पनिक हिसावले आय कायम गरेर कर निर्धारण भएको रहेछ भने त्यसमा चाहिं के हो तथ्य बुझेर त्यसको छानविन गरेर त्यसमा समझदारी हुन सक्छ। तर राज्यले लिनु पर्ने करमा एक पैसा पनि तलमाथि हुने छैन ।

**० आयोगले निर्धारित समयमै कर फछ्र्यौट गर्न सक्छ ?**

- करदाताहरु कुन हिसावले आयोगमा आउनु हुन्छ, त्यसमा भर पर्दछ । तर समयमा नै आउनु भयो भने चाहिं हामीले गर्न सक्छौं जस्तो लाग्छ । तर कुनै कारणबस हाम्रो म्याद सकिने बेला तिर करदाताहरुको चाप अत्याधिक भयो भने, त्यस पछि समय नपुग्न सक्छ। समयमै बक्यौता रहेका र समस्यामा रहेका करदाताहरु आयोगको सम्पर्कमा आउनु भयो भने हामी उहाँका समस्याहरु समयमै समाधान गर्न सक्छौं जस्तो लाग्छ ।

**० अन्तमा कर बुलेटिन मार्फत् करदाताहरुलाई के भन्न चाहनुहुन्छ ?**

- कर फछ्र्यौट आयोग गठन भएको छ। यो आयोगले आफ्नो कार्य प्रारम्भ गरिसकेको छ । कर फछ्र्यौटका लागि आयोग समक्ष निवेदन दिन चाहने करदाताहरुद्धारा आयोगको कार्यालय वा सम्बन्धित ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय मार्फत निवेदन दिन सक्नुहुनेछ। निवेदनको ढाचा माथि उल्लेखित कार्यालय तथा आन्तरिक राजस्व विभागको **website: http://www.ird.gov.np** बाट प्राप्त गर्न सक्नुहुनेछ । यदि कर सम्बन्धी हाम्रो कार्यविधि अनुसारको कुनै पनि विषय छ भने करदाताहरु आयोगमा निर्धक्कसँग आउन सक्नुहुन्छ । हामीले करदाताहरुको समस्यालाई राम्रोसँग सुनेर निष्पक्ष हिसावले न्याय दिने कोसिस गर्नेछौं भन्ने आयोगको तर्फबाट अनुरोध गर्न चाहन्छु ।



अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

# आन्तरिक राजस्व कार्यालय विराटनगरको निरीक्षण

काठमाडौं । अर्थसचिव श्री सुमनप्रसाद शर्मा र आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले आन्तरिक राजस्व कार्यालय विराटनगरको निरीक्षण भ्रमण गर्नु भएको छ । निरीक्षण भ्रमणका क्रममा अर्थसचिव श्री सुमनप्रसाद शर्माले लक्ष्य प्राप्त गर्नको लागि चाहिदो मात्रामा उपयुक्त उपाय अवलम्बन गर्न निर्देशन दिनुभयो । लक्ष्य हासिल गर्नका लागि घर बहालकर जस्ता विषयलाई गम्भीर रुपमा लिएर वजार सर्वेक्षणलाई आक्रामक रुपमा अघि बढाउन कर प्रशासनका कर्मचारीहरुलाई निर्देशन दिनुभयो । कर प्रशासनले राजस्व संकलन कार्यमा राम्रो काम गरिरहेको हुँदा यसलाई अझ बढाउन सक्नुपर्ने उहाँको भनाई थियो । देशमा उद्योग धन्दाको विस्तार र आर्थिक गतिविधिहरु बढिरहँदा पनि कर संकलनको प्रतिशत बढ्न नसकेकोमा कमजोरी पत्ता लगाउन आग्रह गर्नुभयो । समयमा कर परीक्षण हुन नसकेको गुनासो आउने गरेको बताउनुहुँदै उपभोक्ताबाट राज्यलाई बुझाउने गरी यकिन गरिएको रकम (बक्यौता) संकलनलाई गम्भीर रुपमा लिन निर्देशन दिनुभयो । कर प्रशासनबाट करदातालाई दिनुपर्ने सम्मानमा नचुक्न र मुस्कानसहितको सेवामा कन्जुस्याई नगर्न पनि उहाँले निर्देशन दिनुभयो । कर प्रशासनबाट करदाताले गर्ने हरेक कारोवारको विषय, उसको आर्थिक गतिविधिका विषयमा चनाखो रहनुपर्ने भएकाले काम, कर्तव्यमा कडा हुन निर्देशन दिनुभयो । करदाताहरुलाई कर नतिर्दा कस्तो परिणाम भोग्नुपर्छ भन्ने कुरा करदाता शिक्षाबाट प्रदान गर्न आग्रह गर्नुहुँदै २०७१ पुस मसान्तसम्म सरकारले व्यवसायीलाई दिएको सुविधाको उपयोग नगर्ने, अटेर गर्ने करदातालाई कारवाहीको दायरामा ल्याउन निर्देशन दिनुभयो ।



आन्तरिक राजस्व कार्यालय विराटनगरमा आयोजित कार्यक्रममा अर्थसचिव श्री सुमनप्रसाद शर्मा र आ( न्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा लगायत अन्य पदाधिकारीहरु

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कर प्रशासन र त्यसमा कार्यरत कर्मचारीहरुको मूल्यांकनको आधार नै त्यस कार्यालयको लक्ष्य भएकाले राज्यले दिएको लक्ष्य पूरा गर्ने तर्फ लाग्न निर्देशन दिनुभयो । लगनशील र कार्य योजना बनाएर अघि बढ्न सके कर प्रशासनले सोचे अनुरुपको लक्ष्य हासिल हुने बताउनुहुँदै करदातालाई करको दायरामा ल्याउन करदाताको वानी व्यहोराको अध्ययन गर्नुपर्ने तथा संभाव्य ठाउँमा घुम्ती शिविर राखेर भए पनि लहर ल्याउन आग्रह गर्नुभयो । व्यवसायीका लागि २०७१ पुस मसान्तसम्म राज्यले विशेष व्यवस्था गरेकोमा दायरामा नआउने र अटेर गर्ने व्यवसायीको पहिचान गरी कारवाही गर्न निर्देशन दिनुभयो । काम गर्ने क्रममा अरुलाई दोष दिएर लान्छना लगाउने काम कर्मचारीलाई निर्देशन दिनुहुँदै पछिल्लो समय नक्कली मदिरा र विना स्टिकरका मदिराका सवालमा चनाखो रहन निर्देशन दिनुभयो । कार्यालयको उचित व्यवस्थापन तथा फाइलिङ व्यवस्थापनमा ध्यान दिन आग्रह गर्नुहुँदै कर्मचारीको व्यक्तिगत र व्यवसायिक वृत्ति विकासका लागि शुभकामना पनि दिनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख कर अधिकृत श्री गोपाल कोइरालाले आर्थिक वर्ष २०७०/७१ को लक्ष्य प्रगति तथा चालु आर्थिक वर्षको प्रगति विवरण सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । फाइल व्यवस्थापनको लागि सफ्टवेयर निर्माण कार्य भइरहेको र मोरङ व्यापार संघसँगको सहकार्यमा कार्यालयमा इ डेक्स स्थापना गरी मूल्य अभिवृद्धि कर तथा आय विवरण प्राप्तिमा प्रभावकारिता ल्याउने कार्य भइरहेको बताउनुभयो । मदिराको बिर्कोमा लगाउने स्टिकरको उचित प्रयोग विना नै बजारमा बिक्री वितरण गरेको पाइएकोले छानविन गरेर कारवाहीको प्रकृया अगाडि बढाएको बताउनुभयो । कर परीक्षणको वार्षिक लक्ष्य हासिल गर्न चुनौति देखिएको र पुराना बक्यौता संकलन गर्न अत्यन्त कठिन भएको बताउनुहुँदै ग्रामिण भेग तथा राजमार्गका करदातालाई कार्यालयमा आउन जान समस्या देखिएको जानकारी समेत दिनुभयो ।

१ पेजको बांकी....

करको दायरा कहाँ कहाँ विस्तार गर्न सकिन्छ भनेर खोजी गरिरहेको जानकारी दिनुहुँदै बजेटले मात्रै देशको विकास हुन नसक्ने, बजेटका लागि कर नै प्रमुख स्रोत हो भन्नुभयो । कर प्रणाली विकासका लागि अर्थमन्त्रालय प्रयत्नशील रहेकोले सकारात्मक सहयोग सुझावको अपेक्षा गरेको जानकारी दिनुहुँदै अर्थसचिव श्री शर्माले तेस्रो राष्ट्रिय कर दिवसका अवसरमा सम्मानित हुने सबै व्यवसायी र कर प्रशासनका कर्मचारीलाई बधाई तथा उत्तरोत्तर प्रगतिको लागि कामना पनि गर्नुभयो ।

उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष डा. रुपबहादुर खड्काले आगामी दिनमा देशको कर प्रणाली कस्तो हुनुपर्छ भनेर आयोगले सुझाव संकलन गरिरहेको जानकारी दिनुभयो । आयोगको काम भनेको नेपालको सिंगो कर प्रणालीको वारेमा अध्ययन गरेर सुझाव पेश गर्ने रहेकोले विभिन्न संघ संगठनसँग सुझाव संकलन गर्ने कार्य भइरहेको बताउनुभयो । नेपालको कर प्रणालीमा रहेका नीतिगत, कानुनी, प्रशासनिक समस्याहरु विश्लेषण गरी तिनीहरुलाई निराकरण गर्ने उपाय सहित आगामी दिनमा हाम्रो कर प्रणाली कस्तो किसिमको हुनुपर्छ भनेर आयोगले काम गरिरहेको छ । कर सुधारका लागि अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरुलाई पनि आफूहरुले अध्ययन गरेको जानकारी दिनु भएको छ । सार्क भन्सार यूनियन गठन हुन लागेकाले त्यसको गठन पश्चात् ८ वटा देशले एउटै भन्सार लगाउनु पर्ने हुँदा भन्सार माथिको निर्भरता घटाउँदै आन्तरिक राजस्वको अनुपात बढाउँदै लैजानुपर्ने अबको आवश्यकता रहेको उहाँको भनाइ थियो । मुलुक एकात्मक प्रणालीबाट संघीय प्रणालीमा प्रवेश गर्ने तयारीमा रहेको अवस्थामा करको संरचना कस्तो हुनुपर्छ भन्ने विषयमा उहाँले

# चुहावट नियन्त्रण सरकारको पहिलो प्राथमिकता : शर्मा

काठमाडौं । उच्चस्तरीय राजश्व चुहावट अनुगमन समितिको आयोजनामा फागुन २७ गते बुधबार विराटनगरमा पूर्वाञ्चलस्तरीय छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आन्तरिक राजश्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले चुहावट नियन्त्रण सरकारको पहिलो प्राथमिकता भएको बताउनु भएको छ । उहाँले चुहावट रोक्ने भन्दैमा कसैलाई तर्साउने र थर्काउनेभन्दा पनि उनीहरुको पहिचान गरी चुहावट रोक्नतर्फ विभाग लाग्ने बताउनुभयो । करदातालाई पहिलो चरणमा जनचेतनामुलक कार्यक्रम अघि बढाएर राजश्व चुहावट नियन्त्रण गर्नु कर प्रशासनको लक्ष्य रहेको जानकारी दिनुहुँदै राजश्व चुहावट नियन्त्रण अहिलेको चुनौती भएको उल्लेख गर्नुभयो । नीतिगत र व्यवहारिक दुबै कमजोरीले राजश्व चुहावट हुने गरेको समेत जानकारी दिनुहुँदै यी दुवै क्षेत्रमा सुधार गर्न विभागले कार्य गर्ने बताउनुभयो । कार्यक्रममा राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरेले सरकारको मुख्य स्रोतको रुपमा रहेको राजश्व चुहावट हुने प्रक्रिया रोक्न नयाँ प्रयास थालिने बताउनुभयो ।

राजश्व अनुसन्धान विभागका निर्देशक श्री खिम कुवँरले राजश्व अनुसन्धान विभाग, यसको कार्यशैली र व्यवसायी वर्गसँगको अपेक्षा विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै भन्सार महशुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क जस्ता करका विविध क्षेत्रमा हुने गरेको चुहावट नियन्त्रण प्रमुख चुनौती रहेको जानकारी दिनुभयो । मोरङ व्यापार संघका अध्यक्ष श्री पवन शारडाको अध्यक्षतामा भएको कार्यक्रममा शारडाले व्यवसायीका तर्फबाट सुझाव प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा व्यवसायी ताराचन खेतान, सुरेश शर्मा लगायतले राजश्व चुहावट नियन्त्रण गर्ने नाममा उद्योगी र व्यवसायीलाई जथाभावी दुःख दिने काम बन्द गरिनु पर्ने सुझाव दिनु भएको थियो ।





उच्चस्तरीय राजस्व चुहावट अनुगमन समितिको कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरे लगायत अन्य पदाधिकारीहरु

स्पष्ट पार्नु भएको थियो । राम्रो कर प्रणालीको ढाँचा तय मात्र नहुने भएका कारण त्यसको कार्यान्वयन गर्न कर प्रशासन सक्षम हुनु पर्ने अध्यक्ष खड्काले बताउनु भयो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कर प्रणाली पुरावलोकन आयोगले व्यवसायीका गुनासाहरु सुन्ने क्रमलाई निरन्तरता दिएको बताउनुभयो । आयोगलाई प्राप्त भएका सुझाव अनुसार कर प्रशासनको कार्य प्रणालीलाई सुधार गर्दै जाने पक्षमा कर प्रशासन रहेको जानकारी दिनुभयो । करदाताको कर सहभागिता बढ्दै गएकोले मुलुकमा विदेशी परनिर्भरता घट्दै गएको र नागरिक समाजको सहयोग सकारात्मक रहेको उहाँको भनाइ थियो । करका दरहरुलाई घटाउदै लगिएको तथा व्यवसायी र कर प्रशासनको अगाडि धेरै अपेक्षाहरु रहेको हुँदा कर प्रशासनका पूर्वाधारहरु सवल बनाउने तर्फ आफूहरु लागि परेको बताउनुहुदै स्रोत साधनले सम्पन्न कर प्रशासन बनाउन जरुरी रहेको प्रष्ट पार्नुभयो । करदाताको कर बुझाउने प्रवृत्तिको सम्मानमा कर प्रशासन सकारात्मक रहेको जानकारी दिनुहुँदै आजको कर व्यवस्थापन सहभागितामूलक भएकाले कर प्रणाली सुधार गर्नका लागि व्यवस्थापकीय कार्यशैलीमा परिवर्तन गर्न पनि जरुरी रहेको बताउनुभयो । जसले कानुनी शासनको परिपालना गरेर करमा सहभागिता गरिरहेको छ उसलाई कर प्रशासनले सम्मान पनि गरिरहेको जानकारी दिनुहुँदै सम्मानित करदाताको घोषणा गरी एउटा निर्दिष्ट समयसम्म छानविन नगर्ने व्यवस्था गर्न आफूहरु तयार रहेको जानकारी दिनुभयो । अनुचित एवं अवाञ्छित कार्य जसले गर्छ ऊ सजायको भागिदार बन्नुपर्छ भन्नुहुँदै नेपालको कर प्रणाली स्वयं घोषणामा आधारित भएकाले पहिलो कर अधिकृत व्यवसायी आफैं भएकाले हिसाव किताव चुस्त दुरुस्त राख्न आग्रह गर्नुभयो । नेपाल सरकारले कर फछ्र्यौट आयोग गठन गरेको जानकारी दिनुहुँदै आर्थिक वर्ष २०६९/०७० सम्मको कर दायित्वको सम्बन्धमा कर कार्यालयहरुबाट २०७१ असार



मसान्तसम्म कर निर्धारण भएका विवादित कर रकम भएका व्यवसायीलाई आयोगमा सम्पर्क गर्न समेत आग्रह गर्नुभयो ।

अर्थ मन्त्रालयका सहसचिव श्री लक्ष्मणप्रसाद अर्यालले व्यवसायीले दिने सुझाव सरकारकालागि मार्गदर्शन हुने भएकाले समसामयिक सुझाव दिन आग्रह गर्नुभयो ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरेले हिजोको अनुभवहरु लिएर कानुन बनाउने भएकाले उपयुक्त सुझाव सल्लाह दिन व्यवसायीलाई आग्रह गर्नुभयो । कर कानुन ककार्यान्वयनका क्रममा कमी कमजोरी भएका भए हाम्रो व्यवहारलाई सुधार गर्दै जान सक्छौं भन्नुहुँदै व्यवसायीले राख्नुपर्ने खातापाता र विवरणमा एकरुपता हुनुपर्ने बताउनुभयो ।

माननीय सभासद तथा व्यवसायी पवनकुमार सारडाले हाम्रो देशको कर प्रणाली पञ्चायतकालीन र विदेशी मुद्रा आर्जन गर्ने खालको भएको बताउनुहुँदै राजस्व प्रशासनलाई पूर्ण रुपमा सूचना प्रविधिमा आधारित बनाउनु पर्ने बताउनुभयो । सीमावर्ती क्षेत्रमा ठूलो मात्रामा कर चुहावट भइरहेकोले करका विषयमा समसामयिक रुपमा परिवर्तन जरुरी रहेको बताउनुभयो । अर्थतन्त्र मजबुत बनाउने खालको राजस्व नीति अवलम्बन गर्न जरुरी भएकाले त्यस तर्फ राज्यले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि तथा व्यवसायी पशुपति मुरारकाले व्यवसायीबाट आएका सुझावलाई सरकारले कार्यान्वयन गरेर व्यवसायीमैत्री करनीति आउनेमा आफूहरुले अपेक्षा गरेको बताउनुभयो ।

उद्योग संगठन मोरङका अध्यक्ष श्री शिवशंकर अग्रवालले उद्योगी व्यवसायीहरु नेपाल राष्ट्रको समृद्धि चाहने भएकाले नियमित रुपमा कर तिरिरहेको बताउनुहुँदै व्यवसायबाट प्राप्त राय सुझावको कार्यान्वयन होस् भन्नुभयो । माहुरीले जसरी फूल नबिगारी रस मात्र संकलन गर्दछ, कर प्रशासनले पनि त्यसैगरी राजस्व संकलन गर्नुपर्दछ भन्नुहुँदै व्यवसायीको लागत घटाउनु पर्ने, कर नीति आयातमुखी र राजस्वमुखी मात्र भएकोले रोजगारी/उत्पादन बढाउने खालका स्थानीय उद्योग धन्दालाई प्रोत्साहित गर्ने खालको हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरुले दुर्गम क्षेत्रमा उद्योगहरुको विकास र रोजगारीको सिर्जना गर्ने उद्योगको लागि आवश्यक पूर्वाधार राज्यले प्रदान गरिदिनुपर्ने, नगरपालिका र आन्तरिक राजस्व कार्यालयमा बुझाइने बहाल कर दोहोरो भएकाले सो झण्झटबाट व्यवसायी मुक्त हुनुपर्ने, पुनरावलोकनमा राखिने धरौटी रकम धेरै भएकाले त्यसतर्फ पुनर्विचार गरिनुपर्ने र वैज्ञानिक तवरले कर निर्धारण गरिनुपर्ने आग्रह गरेका थिए । करको दर भन्दा पनि दायरालाई विस्तार गर्नुपर्नेमा जोड दिँदै खुला सीमाना भएका कारण सीमावर्ती क्षेत्रका भारतीय बजारमा अत्यन्तै सस्तो मूल्यमा वस्तु पाइने भएकाले नेपालको सीमानामा व्यवसायीहरु मारमा परेको बताउँदै अनलाइनलबाटै सवै समस्याको समाधान हुने व्यवस्था हुनुपर्ने, एउटा व्यवसायी ४/४ वटा भौचर भरेर समय वर्वाद पार्नु पर्ने अवस्थमा रहेको बताउँदै कर कार्यालयमा जान मानिसहरु डराउने भएका कारण कर जागरणका लागि विद्यालय स्तरदेखि नै करको विषयमा जानकारी गराउन सके राम्रो हुने लगायतका विषयहरु उठान गरेका थिए ।

# विराटनगर भन्सार कार्यालय निरीक्षण

अर्थसचिव श्री सुमनप्रसाद शर्मा, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरे, भन्सार विभागका उपमहानिर्देशक श्री दामोदर रेग्मी, आन्तरिक राजस्व विभागका उपमहानिर्देशक



श्री राममणि दुवाडी, विभागकै निर्देशक श्री गोपाल घिमिरेले वीरगन्ज भन्सार कार्यालयको निरीक्षण गर्नु भएको छ । निरीक्षण भ्रमणका क्रममा अर्थसचिव श्री सुमनप्रसाद शर्माले कर्मचारीहरुलाई निर्देशन दिनु भएको थियो । विराटनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री राजेन्द्र दाहालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

# जिविस मोरङसँग अन्तर्क्रिया

उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगसँग जिल्ला विकास समिति मोरङले अन्तर्क्रिया कार्यक्रम गरेको छ । कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा,



आयोगका अध्यक्ष डा. रुपबहादुर खड्का, श्री माधवप्रसाद ढकाल, सुदर्शनराज पाण्डे, विभागका निर्देशक श्री गोपाल घिमिरे लगायतको उपस्थिति थियो । जिविस मोरङले सरसफाइ शुल्क, पार्किङ शुल्क लगायत कर लगाउन सकिने सम्भावित क्षेत्रहरु चथा करका दरहरुका विषयमा अन्तर्क्रिया गरेको थियो । महानिर्देशक श्री चुडामणि शर्माले जिल्ला विकास समितिले स्थानीय सरकारको काम गर्ने भएकाले विवेक प्रयोग गरेर कर लिने कार्य गर्नुपर्ने बताउनुभयो ।

# अर्थतन्त्र मजबुत बनाउन निजी क्षेत्रको नेतृत्वदायी भूमिका: शर्मा

काठमाडौं । अर्थसचिव श्री सुमनप्रसाद शर्माले अबको कर प्रशासन निजीक्षेत्र मैत्री हुने बताउनु भएको छ । उच्चस्तरीय राजस्व चुहावट नियन्त्रण अनुगमन समिति तथा वीरगञ्ज उद्योग वाणिज्य सघंले आयोजना गरेको राजस्व चुहावट तथा व्यापार सहजीकरण विषयक अन्तरक्रिया कार्यक्रममा अर्थसचिव श्री शर्माले सो कुरा बताउनु भएको हो । उहाँले अर्थतन्त्रलाई मजबुत तुल्याउन निजी क्षेत्रले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुहुँदै राजस्व संकलनमा देखिएका समस्याहरूको सामाधानमा सबैको सहयोगको आवश्यकता रहेको बताउनुभयो । कार्यक्रममा कर, भन्सार प्रशासन गर्ने निकायहरूलाई व्यावसायिक एवं दक्ष बनाउन तालिम प्रदान गर्ने, स्थानीयस्तरमा देखिएका कर राजस्वसँग सम्बन्धित समस्याहरू निदानका लागि फास्ट ट्र्याक डेस्कको स्थापना, वीरगञ्ज उद्योग वाणिज्य संघबाट प्रस्तुत कार्यपत्रले उठान गरेका सुझाव र समस्याहरूलाई अर्थ मन्त्रालयले गम्भीरतापूर्वक लिएको सचिव शर्माले स्पष्ट पार्नुहुँदै नीतिगत समस्याहरूलाई समय सापेक्ष परिमार्जन गर्दै लैजाने बताउनुभयो ।

भंसार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुंगाना, आन्तरिक राजस्व विभागका महानिर्देशक चुडामणि शर्मा, राजस्व व्यवस्थापन महाशाखाका सह-सचिव लक्ष्मण अर्याल, सशस्त्र प्रहरी नायब महानिरीक्षकद्वय शैलेन्द्र खनाल र रामशरण पौडेल, प्रहरी नायब महानिरीक्षक श्री गोविन्द निरौला, राजस्व अनुसन्धान विभागका निर्देशक लिला शर्माले सङ्घबाट उठान भएका विषयहरूलाई सम्बोधन गर्ने तर्फ आवश्यक पहल गरिने धारणा व्यक्त गर्नु भएको थियो । राजस्व अनुसन्धान विभागका महानिर्देशक बालकृष्ण घिमिरेले धन्यवाद मन्तव्य व्यक्त गर्नुहुँदै राजस्व प्रशासनलाई समय सापेक्ष र व्यावसायिक तुल्याउने तर्फ आवश्यक पहल गर्ने बताउनु भएको थियो ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष प्रदीपकुमार केडियाले भंसार, कर, राजस्व प्रशासन निजी क्षेत्र मैत्री हुनुपर्ने कुरामा जोड दिनु भएको थियो । अध्यक्ष केडियाले मुलुकका सामु विद्यमान अस्थिर राजनीतिक अवस्था, बढ्दो लोडसेडिङ, भारत तथा तेश्रोमुलुकहरूसँग आयात निर्यातको बढ्दो आर्थिक दूरी, उद्योग र व्यापारको खस्किदो अवस्था, न्यून आर्थिक बृद्धि दरका साथै राजस्व प्रशासन सम्बन्धी नीतिगत एवं व्यावहारिक समस्याहरू औंल्याउनु भएको थियो ।

कार्यक्रममा वीरगन्ज उद्योगवाणिज्य सघंका अध्यक्ष प्रदीपकुमार केडियाले भन्सार महसुल, सचिव अनिल पटवारीले मूल्य अभिवृद्धि कर, सदस्य माधव राजपालले आयकर सम्बन्धमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यसैगरी सङ्घका पूर्व अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासङ्घका कार्यकारिणी सदस्य अशोककुमार टेमानी र बरिष्ठ उपाध्यक्ष ओमप्रकाश शर्माले राजस्व चुहावट तथा व्यापार सहजीकरण सम्बन्धी विविध आयामका बारेमा आफनो धारणा व्यक्त गर्नु भएको थियो । कार्यक्रममा स्थानीय भन्सार कार्यालय, आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रमुख र उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो ।




# आन्तरिक राजस्व कार्यालय, वीरगञ्जको निरीक्षण

काठमाडौं । फागुन १८ गते अर्थ सचिव श्री सुमनप्रसाद शर्मा, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, भन्सार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुंगाना, राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरे, अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका प्रमुखलगायतको टोलीबाट आन्तरिक राजस्व कार्यालय वीरगञ्जको अनुगमन तथा निरीक्षण भ्रमण भएको छ ।

अर्थसचिव श्री सुमनप्रसाद शर्माले कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै हालसम्मको प्रगति प्रति सन्तोष व्यक्त गर्नुहुँदै आगामी दिनमा लक्ष्यभन्दा पनि बढी उपलब्धि हासिल गर्ने तर्फ अग्रसर हुन निर्देशन दिनुभयो । सो अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले आन्तरिक राजस्व कार्यालय, वीरगञ्जको समग्र प्रगति सन्तोषपद रहेपनि बक्यौता संकलन र बेरुजु फछ्र्यौट तर्फ विशेष कार्ययोजना वनाई कार्य गर्न निर्देशन दिनुभयो । त्यसै क्रममा महानिर्देशक शर्माले विभागबाट राम्रो काम गर्नेको उचित मूल्यांकन र संरक्षण हुने वताउनु हुँदै नराम्रो काम गर्नेलाई संरक्षण नहुने कुरा समेत बताउनुभयो । कार्यालयमा समन्यात्मक तरिकाले काम गर्न निर्देशन समेत दिनु भएको थियो । निरीक्षणकै क्रममा अर्थसचिव श्री शर्मा नेतृत्वको टोलीले आन्तरिक राजस्व कार्यालय, वीरगञ्जको निर्माणाधिन कार्यालय भवनको समेत अवलोकन गर्नुभएको थियो ।

उक्त अनुगमन तथा निरीक्षण भ्रमण टोली समक्ष कार्यालयको तर्फबाट प्रमुख कर अधिकृत श्री अर्जुनप्रसाद भट्टराईले राजस्व संकलन सहित समग्र कार्यालयको अवस्थाको बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।



अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

# आन्तरिक राजस्व कार्यालय, विराटनगर



## परिचयः

ऐतिहासिक तथा औद्योगिक नगरी विराटनगरको केन्द्रमा अवस्थित यो कार्यालय वि.सं. २०५८ सालमा तत्कालिन कर विभाग र मू.अ.कर विभाग गाभिई आन्तरिक राजस्व विभाग गठन भए पछि साविकको मूल्य अभिवृद्धि कर कार्यालय तथा कर कार्यालय, विराटनगर आपसमा गाभिई स्थापना भएको हो। मोरङ जिल्ला कार्यक्षेत्र रहेको यस कार्यालयमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत कार्यालय प्रमुख रहने व्यवस्था रहेको छ । कार्य सञ्चालनका लागि हाल कार्यालयको स्वामित्वमा विराटनगर उप महानगरपालिकामा ३ कट्ठा ५ धुर १ पैसा क्षेत्रफलमा कार्यालय भवन र कार्यालय प्रमुखको लागि आवासीय भवन गरी २ वटा भवन रहेका छन्। कार्यालयको स्वीकृत दरवन्दी ४६ रहेकोमा करारमा समेत गरी ५४ कर्मचारी कार्यरत रहेका छन्। जसमध्ये विभिन्न ७ जना फाजिल तथा ८ जना करार अन्तर्गत रहेका छन्। हाल यस कार्यालय अन्तर्गत ३८ हजार ६ सय २८ करदाता आवद्ध भई कर सम्वन्धी सेवा लिई रहेका छन् । चालु आ.व. (२०७१/०७२) को प्रथम ७ महिनामा ३१८७ करदातालाई दायरामा ल्याइएको छ । कार्यालयको विवरण पेश गर्ने तरिकाको हकमा मू.अ.कर तर्फ शत प्रतिशत र आयकरतर्फ शत प्रतिशत विवरणहरु अनलाइन प्रणालीवाट प्राप्त गर्ने गरिएको छ । ज्ञानको कमीका कारण अनलाईन विवरण दाखिला गर्न नसक्ने करदाताका लागि कार्यालयवाटै सेवा दिने गरिएको छ। यसको अलावा २०७१ मंसिर १ गतेदेखि मोरङ व्यापार संघसँग सहकार्य गरी कार्यालय परिसरमा नै छुट्टै **Help Desk** स्थापना गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

## वार्षिक बजेट तथा कार्यक्रमः

आर्थिक बर्ष २०७१/०७२ मा यस कार्यालयका लागि चालु खर्च तर्फ रु २ करोड, ७२ लाख ४९ हजार तथा पूँजीगत खर्च तर्फ रु १० लाख बजेट विनियोजन भएकोमा २०७१ माघ मसान्तसम्ममा चालु र पूँजीगत खर्चमा क्रमशः ५५.४२ र ४४.८३ प्रतिशत खर्च भएको छ।

## अभिलेख व्यवस्थाः

करदाताको दर्ता भएदेखिको सम्पूर्ण विवरणलाई खोजेको समयमा फेला पार्न सजिलो होस् भनी मू.अ.कर तथा आयकरतर्फको करदाताको छुट्टाछुट्टै स्थानमा फाईलिङको व्यवस्था गरिएको छ।

## लक्ष्य तथा असुलीः

यस कार्यालयको लागि चालू आर्थिक वर्षका लागि तोकिएको राजस्व संकलनको लक्ष्य तथा माघ मसान्तसम्मको लक्ष्य र प्रगति


| राजश्व शीर्षक | बार्षिक लक्ष्य | माघसम्मको लक्ष्य | माघसम्मको असुली | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| आयकर | ९४७३४६ | ५१३७५१ | ४७२१२० | ९१।९० |
| बहाल कर | ९९५०० | ६१२९७ | २९००८ | ४७।३२ |
| व्याज कर | २७९५६ | १८३९४ | २१७३६ | ११८।१७ |
| मू.अ.कर | ८२२३४५ | ४६०२२० | ४०८६२५ | ८८।७९ |
| अन्त:शुल्क | २१४५०६४ | ११८०२२९ | ७५८७५६ | ६४।२९ |
| स्वास्थ्य सेवा कर | ९३११ | ३७५९१ | ३१०८६ | ८२।७० |
| शिक्षा सेवा शुल्क | ५५०५६ | ८९१३ | ४४८२ | ५०।२९ |
| जम्मा | ४१०६५७८ | २२८०३९५ | १७२५८१३ | ७५।६८ |

यो कार्यालयको राजस्व संकलनको ठूलो हिस्सा अन्त:शुल्कको रहेकोमा अन्तशुल्क तर्फ धेरै रकम दाखिला गर्ने एउटा करदाताको कारोवारको अवस्था कमजोर वन्दै गएकाले लक्ष्यको तुलनामा प्रगति गर्न नसकिएको हो। यसका वावजुद पनि हालसम्मको प्रगतिको आधारमा चालु आर्थिक वर्ष यस कार्यालयको लागि तोकिएको समग्र लक्ष्य र प्रगति हासिल गर्न सक्ने अवस्था रहेको छ ।

## विगतको राजस्व असुलीको प्रवृत्तिः

शीर्षकगत राजस्व संकलनको तुलनात्मक विवरण (रु हजारमा)

| राजस्व शिर्षक | आर्थिक वर्ष २०६८/०६९ | आर्थिक वर्ष २०६९/०७० | आर्थिक वर्ष २०७०/०७१ | प्रगति |
|---|---|---|---|---|
| आयकर | ५२६४६० | ६५६३१४ | ८६७३०२ | १३२।१५ |
| वहाल कर | २५८५६ | ३५१७४ | ४९०९२ | १३९।५७ |
| व्याजकर | २६३९८ | २६२१९ | २२१८४ | ८४।६१ |
| मूल्य अभिवृद्धि कर | ४४४२८३ | ५६३६४७ | ७०६३९४ | १२५।३३ |
| अन्तशुल्क | १९३०४५२ | १६९२२७५ | १८५५९११ | १०९।६७ |
| शिक्षा शुल्क | ३४१६ | ८७८१ | १०२६२ | ११६।८७ |
| जम्मा | २९५६८६५ | २९८२४१० | ३५१११५३ | ११७।७३ |




## अन्य कार्यात्मक लक्ष्य प्राप्तिको अवस्थाः

आ.व. २०७०/०७१ मा यस कार्यालयको समग्र कार्यसम्पादन देहाय बमोजिम रहेको थियो ।

| शाखा | प्रगति प्रतिशत |
|---|---|
| करपरीक्षण तथा अनुसन्धान शाखा | १०१.८६ |
| संकलन शाखा | ८८.३८ |
| करदाता सेवा शाखा | ९८.८८ |
| जम्मा | ९६.२५ |

## सम्पादन गरिएका उल्लेख्य कार्य (कुनै भएमा)

- कार्यालयको अन्त:शुल्क संकलनमा कमी भएको सन्दर्भमा कार्यालयवाट मदिरा विक्री वितरण गर्ने थोक व्यापार गर्ने करदाताहरुको बजार अनुगमन गरी नक्कली स्टिकरको पहिचान गरी कारवाही गर्न सिफारीस गरेको, नक्कली मदिरा बनाउने २ वटा समूहलाई २४ दिनसम्म हिरासतमा राखी कारवाही गरेको तथा हालै मात्र मदिराको विर्कोमा लगाउने स्टिकरलाई उचित प्रयोग नगर `का मदिरा बजारमा विक्री वितरण गरेको पाईएको सम्वन्धमा थप छानवीन गरी आवश्यक कार्यवाहीको लागि सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा पत्राचार गरिएको ।

- यस जिल्लाभित्र मुख्य मुख्य व्यापारिक क्षेत्रमा वर्षमा २/३ पटकसम्म घुम्ति सेवा संचालन गर्दै आएको । यसमा उत्साहजनक सहभागिता हुने गरेको ।

## कार्यालयको दैनिक कार्यसम्पादनमा आइपरेका समस्याहरू:


- वि.सं. २०५८ सालमा तत्कालिन कर विभाग र मू.अ.कर विभाग गाभिई आन्तरिक राजस्व विभाग गठन भए पछि साविकको मूल्य अभिवृद्धि कर कार्यालय तथा कर कार्यालय, विराटनगर आपसमा गाभिइ आन्तरिक राजस्व कार्यालयको स्थापना भएकोमा सो अवधिमा फायलको उचित व्यवस्थापन नहुँदा आ.व. २०५८/०५९ भन्दाअगाडीको फायल नभेटिने समस्या रहेकोमा हालै एउटा सफ्टवेयर विकास गरी कार्यालयमा भएका सवै फायललाई व्यवस्थित गरी राख्ने कार्य भैरहेको छ।
- करदाताहरुलाई कर कानूनका विषयमा पूर्ण ज्ञान नहुँदा कर सहभागिता अपेक्षाकृत रुपमा वृद्धि हुन सकेको छैन ।
- पुराना बक्यौताको संकलन गर्न अत्यन्त कठिन रहेको छ ।
- अधिकृत आवास गृह नभएकोले कर्मचारीहरु फरक फरक ठाउँमा बहालमा वस्नुपर्ने हुँदा कार्य वातावर णमा असर परेको छ। अधिकृत आवास गृहको लागि छुट्टै स्थानमा जग्गा लिई भवन निर्माण गर्नुपर्ने अवस्था छ ।
- कार्यालयको कार्यक्षेत्र ठूलो भएको कारण तोकिएको समयमा सम्पूर्ण करदातालाई उपयुक्त सेवा प्रवाह गर्न कठिनाई रहेकोले राजमार्गको उपयुक्त स्थानमा करदाता सेवा कार्यालय स्थापना गर्नुपर्ने जरुरी देखिएको छ ।

## समाधानका लागि गरिएका प्रयास एवं नविनतम कार्य:

- फायल व्यवस्थापनको लागि सफ्टवेयर निर्माण कार्य भईरहेको छ । २०७१ फागुन मसान्तसम्म सफ्टवेयर निर्माण सम्पन्न भई २०७१ चैत्रदेखि अभिलेख व्यवस्थापनको कार्य प्रारम्भ हुँदैछ ।
- करदाताको माग बमोजिम आवश्यकता अनुसार स्थानीयस्तरमा करदाता शिक्षा कार्यक्रम र घुम्ति सेवा संचालन गरिएको।
- मोरङ व्यापार संघसँगको सहकार्यमा Help Desk स्थापना गरी आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरण प्रविष्टिमा छिटोछरितो भई प्रभावकारी सेवा प्रवाह भईरहेको ।
- मू.अ.कर तर्फको विवरण नबुझाउने **(Non Filler Single Digit)** को प्रतिशत एकल विन्दूमा **(Single Digit)** मा राख्न सफल भएको ।

### कार्यालयको कार्यप्रवाह तालिका :

**आन्तरिक राजस्व कार्यालय, विराटनगरको संगठनात्मक स्वरुप**




## आगामी दिनमा गर्नुपर्ने सुधार:

- राजस्व संकलनको थप सम्भाव्यता विश्लेषण गरी कार्ययोजना बनाई लक्ष्य अनुरुप राजस्व संकलन गर्ने,
- कार्यालयवाट प्रवाह हुने सेवाहरु सहज, सरल बनाउन प्रयासरत रहने ।
- अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउने गरी त्यस्ता क्षेत्रको पहिचान गर्ने ।
- बेरुजू न्यूनिकरणमा जोड दिने,
- बजार अनुगमनलाई प्रभावकारी बनाउने,
- बहाल कर संकलनमा जोड दिने। यसका लागि करारमा सर्वेक्षक राखी सूचना संकलन गर्ने कार्य भैरहेको छ ।
- फाइलिङ व्यवस्थापन गर्न फाइल प्रणालीलाई कम्प्युटरीकृत गर्ने,

## अन्य निकायहरूसंगको अपेक्षा:

यस कार्यालयले तोकिएको लक्ष्य पुरा गर्न हामीलाई निर्देशन दिने अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग तथा कार्यालयको विभिन्न कार्यहरुमा सहयोग पुऱ्याउने को.ले.नि.का. तथा जिल्लास्थित व्यापार संघ, उद्योग संगठन तथा स्थानीयस्तरमा रहेका व्यापार संघहरुले राजस्व संकलन गर्न, विवरण दाखिला गराउन, व्यवसाय दर्ता गराउने नियमनकारी निकायको काम गरी हामीलाई राष्ट्र निर्माण गर्न चाहिने श्रोत र साधनको जोहो गर्ने कार्य सफल बनाउन मार्गदर्शन गर्ने अपेक्षा गरेका छौं ।

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

आन्तरिक राजस्व विभागको

## बहालधनीहरू करको दायरामा आउने सम्बन्धी अत्यन्त जरुरी सूचना

**आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई बहाल आय आर्जन गरिरहेका व्यक्तिहरुलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**


# आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर



## परिचय


राजस्व प्रशासनलाई समयसापेक्ष, आधुनिक र करदाता मैत्री बनाउन साथै करदाताहरुलाई एकै थलोबाट कर सम्बन्धी सेवाहरु उपलब्ध गराउन साविकमा रहेको कर कार्यालय र अन्तशुल्क कार्यालय एकिकृत गरी आन्तरिक राजस्व कार्यालयको रुपमा २०५८ सालमा आन्तरिक राजस्व कार्यालय महेन्द्रनगरको स्थापना भएको हो । यस कार्यालयको कार्यक्षेत्र कञ्चनपुर, डडेल्धुरा, बैतडि र दार्चुला गरी सुदूरपश्चिम क्षेत्रअन्तर्गत महाकाली अंचलका ४ जिल्ला रहेका छन्। उक्त चार जिल्ला मध्ये दार्चुला जिल्लाको अन्तशुल्क प्रशासन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्दछ भने अन्य तीन जिल्लाको हकमा अन्त:शुल्क प्रशासन सहित आयकर तथा मू.अ.कर समेत कर प्रशासन सम्बन्धी सबै प्रकारको कार्य यस कार्यालयले गर्दछ । कार्य सञ्चालनको लागी यस कार्यालयको स्वामित्वमा दुई कित्तामा रहेको १५ कठ्ठा १७ धुर जमिन र सो जग्गामा रहेका पाले क्वाटर सहित ४ वटा भवन रहेका छन् जो कार्यालयको लागि पर्याप्त रहेका छन् । कार्यालयमा जम्मा १२ जनाको दरबन्दी रहेकोमा फाजिल, काज तथा करार सहित २० जना कर्मचारी कार्यरत छन् । यस कार्यालय अन्तर्गत दर्ता भएका जम्मा करदाताको संख्या २३ हजार नौ सय नब्बे रहेको छ । साथै गत आ.व. २०७०/०७१ मा २१९१ करदाता करको दायरामा आएका छन् भने चालु आ.व.को माघ मसान्तसम्म ११९५ जना करदाता करको दायरामा आएका छन् । स्थलगत अनुगमन एवं अन्य व्यवसाय दर्ता गर्ने निकायको समन्वयमा करमा दर्ता अभियानलाई निरन्तरता दिइएको छ ।

## कार्यप्रवाह तालिका :




## विगत ३ बर्षको राजस्व संकलनको तुलनात्मक लक्ष्य तथा प्रगति रु '000 मा

| आर्थिक बर्ष | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|
| २०६८/६९ | २१.३७ | ३१.४६ | १४७ |
| २०६९/७० | ३४.७२ | ३५.६१ | १०३ |
| २०७०/७१ | ४३.३५ | ५०.४४ | ११६ |




## राजस्व संकलनमा trend

आ.व. २०७०/०७१ को शिर्षकगत लक्ष्य तथा प्रगति

| राजस्व शिर्षक | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| आयकर | २१,६१,९७ | २०,२७,०२ | ९३।७६ |
| बहालकर | १,१०,३६ | १,१३,२२ | १०२।५९ |
| ब्याजकर | ७५,३२ | ९७,५७ | १२९।५९ |
| मु.अ.कर | १५,०९,२८ | २०,८२,३३ | १३७।९७ |
| अन्तशुल्क | ४,६२,०७ | ७,०६,२७ | १५२।८५ |
| स्वास्थ्य | २८ | २६ | ९२।३२ |
| शिक्षा | १५,९४ | १७,८८ | ११२।१९ |
| जम्मा | ४३३५२२ | ५०४४५५ | ११६।३६ |

यस कार्यालयको चालु आर्थिक बर्ष २०७१/०७२ को देहाय बमोजिमको लक्ष र प्रगति रहेको छ ।

| राजस्व शिर्षक | बार्षिक लक्ष | माघ महिना सम्मको लक्ष्य | माघ महिना सम्मको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| आयकर | २४१४७१ | १२१५११ | १३९१०२ | ११४।४८ |
| वहालकर | २४८२० | १४४२० | ८६१० | ५९।७१ |
| व्याजकर | १२२९२ | ७४७१ | ७७३७ | १०३।५६ |
| मू.अ.कर | २३२६६३ | १५३८२१ | १४११८५ | ९१।७८ |
| अन्त:शुल्क | ८४३६३ | ४८६२१ | ४६००० | ९४।६१ |
| शिक्षा सेवा शुल्क | १९२७ | १९ | २९ | १५४।५८ |
| स्वास्थ्य सेवा कर | २९ | १३६८ | १५०० | १०९।६२ |
| जम्मा | ५९७५६५ | ३४७२३१ | ३४४१६२ | ९९।१२ |

## बार्षिक बजेट र कार्यान्वयन

आर्थिक बर्ष २०७१/०७२ मा यस कार्यालयको लागि चालु खर्च तर्फ रु १,२४,४८,७२४.१३ तथा पूजिगत तर्फ रु २०,००,०००,.०० मध्ये २०७१ माघ मसान्तसम्ममा चालु तर्फ ४७.३१ प्रतिशत खर्च भएको छ भने पूँजिगत खर्च तर्फको कार्य सम्पादनको क्रममा रहेको छ ।

## अभिलेख व्यवस्था

कार्यालयमा दर्ता भएका सम्पूर्ण करदाताहरुको विवरण रहेका फाईलहरु व्यवस्थापनको लागि कार्यालयबाटै स्फट्वेयर निर्माण गरि खोजेको बखत तुरुन्त पाउने गरि अभिलेख व्यवस्थापनको कार्य सुरु गरिएको छ । मू.अ.कर तर्फका फाईलहरु कम्प्यूटरकृत भैसकेका छन् भने आयकर तर्फका फाइलहरुको व्यवस्थापन चालुवर्षमा सम्पन्न गर्ने गरी कार्य भइरहेको छ ।

## सम्पादन गरिएका उत्कृष्ट कार्यहरु:

- आ.व. २०७०/०७१ मा कार्यगत लक्ष्य **(Functional target)** को कार्य सम्पादन मूल्याङ्कनमा १०५.८४ अंक सहित उत्कृष्ट दोस्रो कार्यालयको रुपमा पुरस्कृत भएको छ ।
- कार्यालयको भौतिक अवस्थामा सुधार ल्याउन नियमित मर्मत सम्भारका अतिरिक्त कार्यालय परिसरमा गार्डेनिङ, विश्रामस्थलको निर्माण गरिएको, शाखाहरुलाई करदातामैत्री बनाईएको, करदाताहरुको सुविधाको लागी टेलिभिजनको व्यवस्था, **Taxpayer self service desk** को स्थापना, स्वच्छ खानेपानीको व्यवस्था गरिएको ।
- करदाता मैत्री व्यवहार र उत्तरदायी कर्मचारीको लागि आवधिक रुपमा समिक्षा कार्य **(Self Assessment)** शुरु गरिएको ।
- कर लागत कम गरी घरदैलोमा सेवा दिन श्रावण महिनाको पहिलो हप्तामै डडेलधुरा, बैतडी दार्चुलामा टोली खटाई दर्ता, नविकरण, कर असुली र करचुक्ता लगायतका कामहरु गरिएको । उक्त स्थानबाट **Internet data card** को माध्यमबाट सबै सेवाहरु **Online** दिइएको ।
- करदाताहरुको अभिलेखलाई व्यवस्थित गर्न आधुनिक फाइल सिस्टम वनाउने कार्य सम्पन्न गरिएको । (मू.अ.कर को सम्पन्न र आयकरको कार्य प्रारम्भ भएको)
- करदाताको सहजताका लागि उद्योग बाणिज्य संघको काउण्टर कार्यालय हाताभित्र संचालन गरी करदाताको विवरण **Online** पेश गर्ने व्यवस्था मिलाइएको ।
- आ.व. २०७०/०७१ मा मु.अ.कर **(VAT)** तर्फ **Non Filer 9.5** प्रतिशत र आयकर तर्फ ३१.९१ प्रतिशतमा सिमित रहेको ।
- उद्योग बाणिज्यसंघको सहकार्यमा करका विविध बिषयमा अन्तरक्रिया शुरु एवं नियमित गरिएको ।
- सम्पूर्ण करदाताहरुको आय विवरण **online** बाट नै लिने गरिएको छ ।
- करदाताको दर्ता समयमा मु.अ.कर, आयकर र अन्तशुल्क सम्बन्धी जानकारी मुलक संक्षिप्त ब्रोसियर अनिवार्य रुपमा करदातालाई दिने गरिएको ।

## कार्य सम्पादनमा देखिएका समस्याहरु:

- दरबन्दी अनुसार कर्मचारी नभएको साथै करदाता बृद्धिको अनुपातमा समेत कर्मचारी थप नहुँदा कार्य संचालनमा वाधा पुगेको ।
- अधिकांश करदाता साना करदाता रहेका साथै कम्प्यूटर सम्बन्धी ज्ञान नभएकोले आय विवरण पेश गर्न समस्या देखाउने गरेका ।
- अधिकांश करदाता साना करदाता रहेका र सम्बन्धित जिल्लाको बैकमा रकम बुझाउने व्यवस्था नभएकोले न्यूनतम कर बुझाउन समेत आन्तरिक राजस्व कार्यालयमा आउनुपर्ने भएकोले कर लागत बढ्ने गरेको ।
- उच्च राजस्व बुझाउने करदाता ठूला करदाता कार्यालयमा सरि गएकोले लक्ष्य अनुरुप राजस्व संकलन गर्न कठिनाई हुने गरेको ।
- पूरानो वक्यौतामा नाम ठेगाना स्पस्ट नखुलेकोले बक्यौता संकलनमा कठिनाई रहेको ।
- बहाल आयको घोषणा नगर्ने र गरेपनि न्यून घोषणा गर्ने प्रबृति बिद्यमान रहेको ।
- करदाता शिक्षाको बावजुद पनि अझै ऐन कानुनको जानकारीको कमीका कारण जरीवानामा परेको अबस्था देखिन्छ ।
- कार्यालय हाता भित्र बैक काउण्टर नभएकोले करदाताहरुलाई राजस्व दाखिला गर्न समस्या रहेको ।

## समस्या समाधानका लागि गरिएका प्रयासहरु

- कार्यालय हाता भित्र उद्योग बाणिज्य संघसँग समन्वय गरि करदाता सेवा कक्ष स्थापना गरिएको ।
- कार्यालय भित्र कर दाताको सुबिधाको लागि **Taxpayer service desk** को स्थापना गरिएको ।
- जिल्ला जिल्लामा स्थलगत रुपमा **Online** सहितको सबै सेवाहरु दिइएको ।
- **Non Filer** घटाउन कार्य योजना बनाई जिल्ला जिल्लामा टोली खटाईने गरिएको ।
- उद्योग बाणिज्य संघ साथै विभिन्न व्यवसायसंग सम्बन्धित बिषयगत संघ संस्थाहरुसंगको समन्वयमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने गरिएको ।
- नयाँ घर बहाल सर्वेक्षणलाई प्रभावकारी बनाइएको साथै बजार अनुगमनलाई नियमित गरिएको ।

## अन्य

सिमित व्यवसायिक क्षेत्र तथा स-साना व्यवसाय गरिरहेका करदाताहरुबाट तोकिएको लक्ष्य पूरा गर्न कठिनाई रहेको अवस्थामा आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरले विगत बर्षहरुको तुलनामा उल्लेख्य प्रगति गर्न सफल भएको छ । यस कार्यालयको **Non Filer** दर मूल्य अभिवृद्धि कर तर्फ ९.५ प्रतिशत र आयकर तर्फ ३१.९१ प्रतिशतमा सिमित रहेको र समग्र कार्य उपलब्धिमा गत आ.ब. २०७०/०७१ मा १०५.८४ प्रतिशत लक्ष्य हासिल गरि आन्तरिक राजस्व विभागको मूल्यांकनमा आन्तरिक राजस्व कार्यालयहरु मध्ये दोश्रो स्थान हासिल गर्न सफल भएको छ । साथै आन्तरिक राजस्व विभागबाट घोषणा गरिने उत्कृष्ट कर्मचारी मध्ये यस कार्यालयका कर्मचारी समेत पुरस्कृत गरिएको छ। समग्र राष्ट्रिय राजस्वको लक्ष्यको तुलनामा यस कार्यालयको राजस्वको योगदान नगन्य भएता पनि सुदूरपश्चिमाञ्चलको महाकाली क्षेत्रको कर प्रशासन **(Tax governance)** को हिसावले यसको भूमिका कम हुन सक्दैन। ठूला व्यवसाय, उद्योग धन्दा नभएता पनि साना करदाताहरुलाई करको दायरामा ल्याई राज्य प्रतिको दायित्व बोध गराउन र तोकिएको राजस्व लक्ष्य एवं सूचकहरु पुरा गर्न यो कार्यालय प्रतिवद्ध रहेको छ ।

# करदाता सेवा कार्यालय, त्रिपुरेश्वर





**परिचय :**

आर्थिक क्रियाकलापहरुको विकास एंव विस्तार गर्ने, राज्यको कर नीति र कर कानुनहरुको कार्यन्वयनमा प्रभावकारीता ल्याउने, करदातालाई कर प्रशासनसम्म सरल र सहज पहुँच पुर्‍याउने, कार्यालयको कार्यलाई छिटो छरितो वनाउने, कार्यालयको संरचनामा समयानुकूल परिवर्तन गरी राजस्व प्रशासनलाई सवल, सक्षम र सुदृढ तुल्याई राजस्वमा उल्लेख्य वृद्धि ल्याउने उद्देश्यले करदाता सेवा कार्यालय त्रिपुरेश्वर २०६८ आषाढ २५ गते स्थापना भएको हो । यो कार्यालय काठमाण्डौ महानगरपालिका वडा नं. ११ त्रिपुरेश्वरको मल्ल कम्प्लेक्समा अवस्थित छ। काठमाण्डौ महानगरपालिकाका ११, १२, २० र २१ वडाहरु यस कार्यालयको कार्यक्षेत्र रहेको छ । कार्यालयवाट ८९८६ करदाताहरुलाई सेवा प्रदान भैरहेको छ। आन्तरिक राजस्व विभागले प्रदान गरेको वार्षिक कार्ययोजना र कार्यात्मक लक्ष्य प्राप्तिको अवस्था अनुसार आर्थिक वर्ष २०७०/०७१ मा ंं को स्तरमा रहेको छ । कार्यालयमा हाल करार सेवा समेत २८ जनाको दरबन्दी रहेकोमा २० कर्मचारीहरु कार्यरत रहेका छन् ।

**कार्यालयको संगठनात्मक संरचना :**

**कार्यालयको संगठनात्मक संरचना देहाय अनुसार रहेको छ :**




वार्षिक वजेट तथा कार्यक्रम : आन्तरिक राजस्व विभागवाट यस कार्यालयलाई आर्थिक वर्षका लागि चालु खर्चतर्फ ब.शि.नं. ३०५०२१३ मा रु १,८५,००,०००.०० र पूँजीगत खर्चतर्फ रु. ३,७५,०००,०० विनियोजन भएको छ।

**अभिलेख व्यवस्था :**


कार्यालय स्थापनादेखि नै आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ बाट प्राप्त अभिलेख, अन्य स्थानवाट ठाउँसारी भई आएका करदाताहरुको अभिलेख र यस कार्यालयमा दर्ता भएका करदाताहरुको अभिलेख कम्प्यूटरको **Excel Sheet** मा तयार गरी खोजेका वखत तुरुन्त उपलव्ध हुने गरी व्यवस्था गरिएको छ ।

**संकलन लक्ष्य र प्रगति :**

चालु आर्थिक वर्षमा यस कार्यालयलाई उपलव्ध श्रोत साधनको परिचालनवाट विभिन्न क्रियाकलापहरु सञ्चालन भईरहेको छ ।

वार्षिक राजस्व संकलन लक्ष्य रु १,६५,८८,१७,०००.०० भएकोमा २०७१ माघ महिनासम्म रु १,४३,९९,०७,६९६.०० संकलन भई वार्षिक लक्ष्यको तुलनामा ८६.८० प्रतिशत प्रगति भएको छ भने माघसम्मको लक्ष्यको तुलनामा १२१.११ प्रतिशत प्रगति भएको छ ।

विगत तीन आर्थिक वर्षको राजस्व लक्ष्य र प्रगतिको तुलनात्मक अवस्था **Bar Diagram** मा प्रस्तुत गरिएको छ :



**सम्पादन गरिएका कार्य :**

- आ.व.२०७०/०७१ मा राजस्व संकलनतर्फ लक्ष्यको १३४ प्रतिशत संकलन गर्न सफल भएको
- आ.व. २०७०/०७१ मा मु.अ.कर वक्यौता १२ करोड संकलन गरिएको
- आ.व. २०७०/०७१ मा अन्य

निकायसँग समन्वय गरी ३६ स्थानामा र आ.व.२०७१/०७२ को माघसम्म १८ स्थानमा करदाता शिक्षा र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको
- विशेष कर शिविर मार्फत घर वहाल कर संकलन अभियान सञ्चालन गरिएको

### कार्यन्वयनमा आईपरेका समस्याहरू :
- लामो समयसम्म ठूलो रकम बक्यौता राख्ने करदातासँग सम्पर्क स्थापित गर्न नसकिएको अवस्था ।
- बेलाबखत बजार अनुगमनका क्रममा ब्यबसायीहरुले पसल बन्द गर्ने अवस्था श्रृजना हुने गरेको ।
- लामो समयदेखि बिबरण पेश नगर्ने (Non Filer) करदाताहरुलाई फोन सम्पर्क गर्न नसकिएको तथा ब्यबसायिक क्षेत्रमा स्थलगत अनुगमन गर्दा ब्यबसाय सञ्चालनमा रहेको नपाइने

### समस्या समाधानका लागि गरिएका प्रयासहरू :
- कार्यालयको सहायता कक्ष (Help Desk) बाट करदाताहरुको जिज्ञासालाई सम्बोधन गर्ने गरिएको
- कर सम्वन्धी विषयमा करदाताहरुलाई कर्मचारीहरुसँग सहज तरिकाले पहुँच दिने गरेको
- सम्पर्क स्थापित हुन नसकेका करदाताहरु पहिचान गर्न लेखा परीक्षक तथा अन्य व्यवसायीहरुसँग समन्वय गरी सम्पर्क स्थापित गर्ने प्रयास गरिएको ।
- आर्थिक ऐनका सुविधाहरु, कर सम्वन्धी जानकारीमूलक व्रोशर छपाई वितरण गरिएको ।

### सुधारका क्षेत्रहरू :
- सबै कार्यालयहरुको कार्यगत एकरुपता कायम गर्न ऐन, नियम तथा निर्देशिकाहरुलाई समयानुकूल परिबर्तन गरिनुपर्ने ।
- नयाँ शुरुवात हुने Online System को बारेमा कर्मचारीहरुलाई कार्यान्वयन गर्नु पूर्व अभिमुखीकरण गर्नु पर्ने ।
- करदाता मैत्री प्रशासनको अभ्यासलाई अझै प्रवर्द्धन गर्दै जानु पर्ने
- सरोकारवालाको समन्वय, सहकार्य र सहयोगलाई अगामी दिनमा पनि निरन्तरता दिदै अगाडि वढ्नु पर्ने ।

### अन्य निकायसँगको अपेक्षा :
विगतका दिनहरुमा जस्तै अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालय, पेशागत व्यवसायी संघसंस्था र सम्वद्ध सरोकारवाहरुको समन्वय, सहकार्य र सहयोग भावि दिनमा प्राप्त हुनेछ ।

## वृहद् आर्थिक सूचक (Macro Economics Fundamentals) सम्बन्धी सामान्य ज्ञानहरू

प्रस्तुती: युक्तप्रसाद सुवेदी
शाखा अधिकृत आन्तरिक राजस्व विभाग

१. यस आर्थिक वर्षको अर्धवार्षिक समीक्षासम्ममा नेपालको आर्थिक बृद्धिदर कति रहेको छ ? - **४.५ प्रतिशत**
२. औधोगिक वर्गिकरण अनुसार हाल नेपालको कूल गार्हस्थ्य उत्पादन कति रहेको छ ? - **१९२८५१.७ करोड**
३. कूल गार्हस्थ्य उत्पदनमा कृषिको योगदान कति रहेको छ ? - **३२.६ प्रतिशत**
४. कूल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान कति रहेको छ ? - **६.१ प्रतिशत**
५. कूल गार्हस्थ्य उत्पदनमा व्यापारको योगदान कति रहेको छ ? - १४.९ प्रतिशत
६. कूल गार्हस्थ्य उत्पदनमा पर्यटन क्षेत्रको योगदान कति रहेको छ ? - २ प्रतिशत
७. हाल नेपालको प्रति व्यक्ति आय कति रहेको छ ? - **७३५ यु.एस.डलर**
८. हाल नेपालमा गरिवी कति प्रतिशत रहेको छ ? - **२३.८ प्रतिशत**
९. हालको कूल गार्हस्थ्य उत्पादनमा रियल स्टेट क्षेत्रको योगदान कति रहेको छ ? - **८.४ प्रतिशत**
१०. हाल मुद्रा स्फितिदर कति प्रतिशत रहेको छ ? - **९ प्रतिशत**
११. कूल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान कति प्रतिशत रहेको छ ? - **६.८ प्रतिशत**
१२. कूल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान कति प्रतिशत रहेको छ ? - **६.४ प्रतिशत**
१३. कूल गार्हस्थ्य उत्पादनमा यातायात र सञ्चार क्षेत्रको योगदान कति प्रतिशत रहेको छ ? - **८.७ प्रतिशत**
१४. कूल गार्हस्थ्य उत्पादनमा स्वास्थ्य, सामाजिक क्रियाकलाप, खानी, माछापालन आदि क्षेत्रको योगदान कति प्रतिशत रहेको छ ? - **१४.१ प्रतिशत**
१५. आर्थिक वर्ष २०७१/०७२ मा नेपालको कूल व्यापार घाटा कति रहयो ? - ६३१.४२ अर्ब
१६. आर्थिक वर्ष २०७१/०७२ मा नेपालको सवैभन्दा धेरै व्यापार घाटा कुन देशसँग रह्यो ? - **भारत**
१७. आर्थिक वर्ष २०७१/०७२ मा कूल आयात र निर्यात कति कति रहयो ? - **७२२.७८ अर्ब र ९१.३६ अर्ब**
१८. नेपालमा हाल कृषिमा निर्भर जनसंख्या कति प्रतिशत रहेको छ ? - **७३.९ प्रतिशत**
१९. नेपालमा हाल साक्षरता प्रतिशत कति रहेको छ ? - **६५.९ प्रतिशत**
२१. नेपालमा हालसम्म सार्वजनिक ऋण कति रहेको छ ? - **रू ५ खर्व ५३ अर्व ५० करोड ७७ लाख**
२२. नेपालको हालको प्रतिव्यक्ति सार्वजनिक ऋण दायित्व कति हुन आउछ ? - **रू २०,०६९।१७**
२२. आर्थिक वर्ष २०७१/०७२ को वजेटले व्यापार घाटा कति कायम गर्ने लक्ष्य लिएको छ ? - **६०० अर्व**
२३. आर्थिक वर्ष २०७१/०७२ को वार्षिक वजेटले चालु आ.व.मा आर्थिक वृद्धिदर कति कायम गर्ने लक्ष्य लिएको छ ? - **६ प्रतिशत**
२४. आर्थिक वर्ष २०७१/०७२ को बार्षिक वजेटले मुद्रा स्फितिदर कति कायम गर्ने लक्ष्य लिएको छ ? - **९ प्रतिशत**
२५. चालु आर्थिक वर्षको मौद्रिक नीतिले बैंकदर कति प्रतिशत कायम गरेको छ ? - **८ प्रतिशत**
२६. चालु आर्थिक वर्षमा कति राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ ? - **४२२.९० अर्ब**

# नेपाल लघु जलशक्ति विकास संस्थासँग अन्तर्क्रिया

काठमाडौं । आन्तरिक राजस्व विभाग र नेपाल लघु जलशक्ति विकाससंस्थाबीच मूल्य अभिवृद्धि कर, आयकर र अन्य कर सम्बन्धी समसामयिक विषयमा फागुन १२ गते छलफल कार्यक्रम सम्पन्न भएको छ । सरकारले पुस मसान्तसम्मका लागि ल्याएको विशेष व्यवस्थामा शून्य दरको सुविधा पाउनु पर्ने नाफा नकमाउने उद्देश्य भएका समुदायमा आधारित उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन भएका वा हालसम्म शून्यदरको सुविधा नलिएका साना जलविद्युत आयोजना (ठेक्का सम्झौताबाट कार्य सम्पादन गराएका आयोजनाहरू समेत) लाई ती आयोजनाले भुक्तानी गरेको मूल्य अभिवृद्धि कर वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिशमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम मूल्य अभिवृद्धि कर फिर्ता पाउन व्यवसायीले निवेदन दिएकोमा सोही विषयमा समेत अन्तर्क्रिया केन्द्रित रहेको थियो ।

कार्यक्रममा अन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री अर्जुनप्रसाद पाखेल, श्री चन्द्रकला पौडेल, निर्देशक श्री गोपाल घिमिरे, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री रामप्रसाद धिताल, नेपाल लघु जलविद्युत संस्थाका अध्यक्ष सुरेन्द्रभक्त माथेमा लगायतको उपस्थिति रहेको थियो ।



नेपाल लघु जलशक्ति विकास संस्थासंगको कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा

## राजस्व संकलन...

अर्ब ६१ करोड ९ लाख ७५ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९८ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९८ प्रतिशत र अन्तशुल्क तर्फ ९२ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. २९ करोड २० लाख १९ हजार र रु. ३६ करोड ४४ लाख ३ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ११८ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर तर्फको वृद्धिदर १७ प्रतिशत, मूल्य अभिवृद्धि कर तर्फको वृद्धिदर १७ प्रतिशत, अन्तशुल्कतर्फ वृद्धिदर १२ प्रतिशत, स्वास्थ्य सेवा कर तर्फको वृद्धिदर ३५ प्रतिशत र शिक्षा सेवा शुल्क तर्फको वृद्धिदर ५ प्रतिशत रहेको जनाइएको छ ।

अर्थमन्त्री डा. रामशरण महतले कर संकलनको वृद्धि सकारात्मक भए पनि तोकिएको लक्ष्य पूरा नभएको हुँदा लक्ष्य प्राप्ति तर्फ केन्द्रित हुन निर्देशन दिनु भयो । कर सहभागिता वृद्धिका लागि करदता शिक्षा, प्रचार प्रसारको माध्यमलाई बढावा दिनुपर्ने बताउनु हुँदै जानाजान फरक कारोवारको घोषणा गर्ने करदातालाई कारवाही अगाडि बढाउन समेत निर्देशन दिनु भएको थियो ।

अर्थ सचिव श्री सुमनप्रसाद शर्माले करको दायरा विस्तार भए पनि राजस्व संकलन लक्ष्य अनुरुप नहुनु चुनौति पूर्ण भएकाले जोखिमका आधारमा लक्ष्य तय गर्नुपर्ने बताउनुभयो । आर्थिक ऐन मार्फत् दिइएका विशेष व्यवस्थाको उपयोग नगर्ने करदातालाई कारवाहीको दायरामा ल्याउनु पर्ने देखिएको भन्नुहुँदै नियमित रुपमा करदाताको अनुगमन गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कर फछ्र्यौट आयोगमार्फत पुराना बक्यौता र विवादित करका विषयहरु फर्स्यौट गरी राजस्व असुली बृद्धि गर्ने, सूर्तिजन्य पदार्थ र मदिराजन्य पदार्थको नियमित एवं आकष्मिक अनुगमन गरिने, कराधार विस्तार गरी राजस्व परिचालनमा बृद्धि गर्ने, कर परीक्षण गर्ने कार्यलाई थप सक्रिय बनाई राजस्व असुली बृद्धि गर्ने लगायतका विषय कार्यपत्रमा प्रस्तुत गर्नु भएको थियो । महानिर्देशक शर्माले यस आर्थिक वर्षको माघसम्ममा जम्मा रु १ अर्व ४१ करोड ६३ लाख ३३ हजार बक्यौता संकलन भएको र रु २ अर्व ९१ करोड ६८ लाख २४ हजार बक्यौता समायोजन गरी जम्मा रु ४ अर्व ३३ करोड ३१ लाख ५७ हजार कर बक्यौता घटेको र यस आर्थिक वर्षको माघसम्ममा जम्मा १४७२ वटा पूर्ण कर परीक्षण सम्पन्न भएको र कर परीक्षणबाट रु २ अर्व ४६ करोड ३० लाख कर निर्धारण भएको पनि जानकारी गराउनुभयो ।

अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री डा. रामशरण महत, अर्थसचिव श्री सुमन शर्मा, अर्थ मन्त्रालय अन्तर्गतका विभिन्न विभागका महानिर्देशकहरु, राष्ट्रिय योजना आयोगका उपाध्यक्षलगायतको उपस्थिति रहेको थियो ।

## नेपाल सरकार

# कर फछ्र्यौट आयोग, २०७१ को सूचना

नेपाल सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ बमोजिम कर फछ्र्यौट आयोग, २०७१ गठन गरी सोही ऐनको दफा ५ र ६ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकेको र आयोगले सोही अनुसार आफ्नो कार्य प्रारम्भ समेत गरेको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आयोगको काम, कर्तव्य र अधिकार :**

(क) हाल कार्यान्वयनमा रहेका आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१, भन्सार ऐन २०६४ तथा यी ऐनभन्दा अगाडि प्रचलनमा रहेका तत् तत् कर कानूनहरु अनुसार आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको कर निर्धारण तथा महसूल निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसूल निर्धारण सम्बन्धी विषय,

(ख) विभिन्न आर्थिक ऐन तथा अध्यादेशमा गरिएका ब्यवस्था अनुसार संकलन गरिने शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर कार्यान्वयनका क्रममा कर प्रशासनबाट आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको २०७१ असार मसान्तसम्म निर्धारित शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका विषय,

(ग) करदाताबाट एउटा राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने राजस्व रकम भूलवस अर्को राजस्व शीर्षकमा दाखिला हुन गई कायम भएको बक्यौता सम्बन्धी विषय,

(घ) आन्तरिक राजस्व विभाग तथा भन्सार विभागले प्रशासन गर्ने कर सम्बन्धी ऐन नियम अनुसार संकलन गर्नुपर्ने कर तथा महसूल संकलन नभै आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको राजस्व बक्यौता सम्बन्धी विषय । तर, विगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रकरणमा छनौट भै परीक्षण तथा अनुसन्धान गर्दा नक्कली विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएका विषय आयोगको कार्यक्षेत्र अन्तर्गत नपर्ने ।

२. उपरोक्त बमोजिम कर फछ्र्यौटका लागि आयोग समक्ष निवेदन दिन चाहने करदाताहरुद्वारा आयोगको कार्यालय वा सम्बन्धित ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय मार्फत निवेदन दिन सकिनेछ । निवेदनको ढाँचा माथि उल्लेखित कार्यालय तथा आन्तरिक राजस्व विभागको Website: http://www.ird.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

३. आयोगको कार्यालय आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा स्थापना गरिएको छ ।

४. आयोगको कार्य अवधि २०७२ असार मसान्तसम्म रहने छ ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**सल्लाहकार**
राममणि दुवाडी
अर्जुनप्रसाद पोखरेल
चन्द्रकला पौडेल
लक्ष्मीप्रसाद यादव

**संयोजन**
दीपक अधिकारी

**सम्पादन समूह**
गोपाल घिमिरे
महाराज कोइराला
भूपालराज शाक्य
चुडामणि ढुंगाना
सम्झना बराल
प्रकाश शर्मा ढकाल
युक्तप्रसाद सुवेदी



बहाल आयमा १० प्रतिशत कर तिरौं ।